| 2 | Load & Unloading Workers | 5 | 0 | 1300 | ४६,६४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १७ गते (2nd Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## साउदीमा रोजगार

**कम्पनी : MARAM ALI MUHAMMAD MEHWAR AIR CONDITIONNING REFRIGERATION EST.**
**शहर : .....**

पूर्व स्वीकृति मिति २०८१/०५/०७ | LT. No. 309426 | चलानी नं.६०२२४०२४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Load & Unloading Workers | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी: MATTAH FOR TRANSPORTATION COMPANY.**

पूर्व स्वीकृति मिति : २०८१/०५/०७ | LT. No. 309425 | चलानी नं.६०२२४०२३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६४,५८० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १५ गते (31st Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 267/058/059
**ARANIKO OVERSEAS PVT. LTD.**
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658, Email: infoaraniko267@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : Al Raymah Contracting Company One Person Company One Person Company**

पूर्व स्वीकृति मिति: २०८१/०५/०७ | LT No. 309364 | चलानी नं. ६०२२४०२१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Heavy Duty Driver (Truck) | 4 | 0 | 1800 | ६४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : Alam Al-Quwwa Facility Management Company is a single person company**

पूर्व स्वीकृति मिति: २०८१/०५/०७ | LT No. 309363 | चलानी नं. ६०२२४०१८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Laborer & Unloading | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १५ गते (31st Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**
Govt. License 1553/079/80
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal,
Contact: 9847416116, Email: hiringalfaraz@outlook.com



## साउदीमा रोजगार

**कम्पनी : AL-EZZ CONTRACTING EST.**
**शहर : Riyadh**

पूर्व स्वीकृति मिति : २०८१/०५/०७ | LT. No. 309431 | चलानी नं. ६०२२४०३३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Painting | 1 | 0 | 1400 | ५०,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १५ गते (31st Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०
**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## साउदीमा रोजगार

**कम्पनी : LABOR CRAFT CONTRACTING COMPANY**
**शहर : Riyadh**

पूर्व स्वीकृति मिति : २०८१/०५/०६ | LT. No. 309297 | चलानी नं.६०२२३९४९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Loading And Unloading Worker | 18 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी: ARABIAN OPARIR COMPANY**

पूर्व स्वीकृति मिति : २०८१/०५/०६ | LT. No. 309269 | चलानी नं.६०२२३९४८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Spray Coating Labour | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १५ गते (31st Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०५/०७४/०७५
**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## सहरदेखि गाउँ-गाउँसम्म विस्तार हुँदै

# ‘आँखा उपचार केन्द्र’




**नेपाल नेत्रज्योति संघ चितवनले भरतपुरमा सञ्चालित भरतपुर आँखा अस्पतालसँगै छिमेकी जिल्लाहरूमासमेत आँखा उपचार केन्द्र सञ्चालनमा ल्याएको छ । भरतपुर आँखा अस्पतालबाहेक अन्य दुई सेकेण्डरी अस्पताल, एउटा सिटी क्लनिक र १८ आँखा उपचार केन्द्र संघद्वारा सञ्चालित छ ।**

**आँखा उपचार केन्द्रबाट ५२ हजार १४९ जनाले सेवा लिएका छन् । अघिल्लो आर्थिक वर्षमा यो संख्या ३४ हजार १०० रहेको थियो । यो अघिल्लो वर्षभन्दा ५२.९१ प्रतिशतले बढी हो । मुख्य अस्पताल रहेको भरतपुरबाट एक लाख ६१ हजार ७७६ जनालेे सेवा लिएका छन् । यो अघिल्लो वर्षको भन्दा चार प्रतिशतले बढी हो ।**

**▶▶ नारायण अधिकारी/चितवन**

पछिल्लो समय नेपाल नेत्रज्योति संघ चितवनले आफ्नो सञ्जाल सहरदेखि ग्रामीणतहसम्म विस्तार गरेको छ । यहाँस्थित भरतपुरमा संघद्वारा सञ्चालित भरतपुर आँखा अस्पतालले छिमेकी जिल्लाहरूमासमेत आँखा उपचार केन्द्र सञ्चालनमा ल्याएको छ ।

भरतपुर आँखा अस्पतालबाहेक अन्य दुई सेकेण्डरी अस्पताल, एउटा सिटी क्लनिक र १८ आँखा उपचार केन्द्र संघद्वारा सञ्चालित छ । भरतपुर अस्पतालले चितवनका सातै पालिकामा आँखा उपचार केन्द्र सञ्चालनमा ल्याएको छ । भरतपुर महानगरपालिकाको चनौली र शिवनगर, माडी, राप्ती, खैरहनी, रत्ननगर, कालिका नगरपालिका र इच्छाकामना गाउँपालिकामा यस्ता केन्द्र सञ्चालित छन् ।

संघद्वारा भरतपुरको नारायणगढमा ‘सिटी क्लिनिक’ सञ्चालित छ । नवलपरासी (सुस्ता बर्दघाट पूर्व) को हुप्सिकोट, मध्यविन्दु, बौदिकाली, गैंडाकोटमा केन्द्र छन् । कावासोतीमा सेकेण्डरी अस्पताल सञ्चालित छ ।

धादिङको सल्यानटार र बेनिघाट, तनहुँको आँबुखैरहनी र भानु नगरपालिका, सर्लाहीको ईश्वरपुर, सिन्धुलीको दुधौली र बाराको सिम्रनगढमा आँखा उपचार केन्द्र छन् भने पर्साको ठोरीमा सेकेण्डरी अस्पताल छ ।

संघका सभापति एवं अस्पताल सञ्चालक समितिका अध्यक्ष जयराम श्रेष्ठले आवश्यक स्थानमा आँखा उपचार केन्द्र विस्तार गर्दै लगिएको बताए । अधिकांश केन्द्र र अस्पतालका प्रमुख पालिकाका प्रमुख एवं अध्यक्ष रहेको व्यवस्था गरिएका छन् । स्थानीयहरूको आँखा उपचार केन्द्र सहयोग समितिले केन्द्रको रेखदेख गर्दै आएको छ । स्थानीय पालिकाको सहकार्यमा अधिकांश केन्द्र सञ्चालन गरिएको छ ।

सेकेण्डरी अस्पतालमा चिकित्सक हुन्छन् भने केन्द्रहरूमा नेत्र सहायकले सेवा प्रदान गर्दछन् । दुईदेखि तीन जनाको टिमले केन्द्र सञ्चालन गर्दछ । जटिल समस्या आएमा टेलिमिडिसिनमार्फत विशेषज्ञ चिकित्सकसँग परामर्श लिने व्यवस्था सबै केन्द्रमा छ । यसबाट पनि समाधान नभएमा बिरामीलाई मुख्य अस्पताल पठाउने गरिन्छ । मध्यम अवस्था रहेमा नजिकको अस्पतालमा पठाउने गरिन्छ ।

मुख्य अस्पतालमा विशेषज्ञ चिकित्सकहरू छन् । अस्पतालमा १२ जना विशेषज्ञ चिकित्सक, आठ जना अध्ययनरत आवासीय चिकित्सक, आठ जना अप्टोमेट्रिक्स (दृष्टि विशेषज्ञ), ५९ जना नेत्र सहायक सहितको टिमले उपचार दिँदै आएको छ । अध्यक्ष श्रेष्ठका अनुसार यहाँ कार्यरत चिकित्सकहरूले जलविन्दु, मोतियाविन्दु, दृष्टिपर्दा, कर्निया, अकोलोप्लास्टिक (नक्कली आँखा राख्ने) विषयमा फेलोसिपसमेत गरेका छन् । अस्पतालले नै दुई जनालाई ‘फेलोसिप’ अध्यापन गराउँदै छ ।

अस्पतालकी मेडिकल निर्देशक डा. पुष्पा गिरी श्रेष्ठका अनुसार चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) का विद्यार्थीहरू यहाँ आँखामा एमडी तहको अध्ययन गर्दछन् । यसका अतिरिक्त अन्य संस्थाहरूले पनि अध्ययनका लागि यहाँ पठाउने गर्दछन् । हिरालाल सन्तुदेवी प्रधान नेत्रविज्ञान अध्ययन संस्थानमार्फत शैक्षिक कार्यक्रम सञ्चालन हुने गरेका छन् । नेत्र सहायक अध्यापन हुने गर्दछ ।

अस्पतालले चितवन र छिमेकी जिल्लाहरूमा शिविरमार्फत सेवा दिँदै आएको छ । निर्देशक डा. गिरीका अनुसार हरेक वर्ष १२/१३ जिल्लामा शिविरमार्फत सेवा दिने गरिएको छ । अस्पतालले आँखा बैंक स्थापना गर्ने तयारी गरेको छ । भीराज उषामाया पाठक आँखा बैंक नाम दिइएको छ । अहिले नानी संकलन गरेर तिलगंगा पठाउने गरिएको छ । अहिलेसम्म एक हजार २५३ जनाले आँखा दानका लागि प्रतिबद्धता जनाइसकेका छन् ।

२७ जनाको नानी संकलन गरेर पठाइएको छ भने १३१ जनाको यहाँ नानी मगाएर प्रत्यारोपण गरिएको निर्देशक डा. गिरीले जानकारी दिइन् । उनले भनिन्, ‘मानव अंगको महत्त्वपूर्ण अंग आँखा हो । अन्धोपना हुनु जीवनका लागि निकै कठिन हुन्छ । समयमा उपचार पाएमा अन्धोपना हुनबाट जोगाउन सकिन्छ ।’

### अन्धोपन हुनबाट जोगाउँदै

अस्पतालले गत आर्थिक वर्षमा तीन लाख ४० हजार २६२ जनालाई आँखाको उपचार गरेको छ । अघिल्लो आर्थिक वर्षमा यो संख्या तीन लाख २१ हजार छ रहेको थियो । झण्डै छ प्रतिशत बढी बिरामीलाई अस्पतालले सेवा दिएको हो ।

अस्पतालका सूचना अधिकारी रमेश घिमिरेका अनुसार बाहृय शिविरबाट ३९ हजार २३ जनालाई सेवा दिइएको छ । विद्यालयमा पुगेर ३५ हजार ४८० बालबालिकाको आँखा परीक्षण गरिएको उनले बताए ।

आँखा उपचार केन्द्रबाट ५२ हजार १४९ जनाले सेवा लिएका छन् । अघिल्लो आर्थिक वर्षमा यो संख्या ३४ हजार १०० रहेको थियो । यो अघिल्लो वर्षभन्दा ५२.९१ प्रतिशतले बढी हो । मुख्य अस्पताल रहेको भरतपुरबाट एक लाख ६१ हजार ७७६ जनाले सेवा लिएका छन् । यो अघिल्लो वर्षको भन्दा चार प्रतिशतले बढी हो । सूचना अधिकारी घिमिरेका अनुसार सो अवधिमा ११ हजार ४३५ जनाको आँखाको शल्यक्रिया गरिएको छ । अघिल्लो आर्थिक वर्ष यो संख्या १० हजार ४१५ रहेको थियो । अघिल्लो वर्षभन्दा गत आर्थिक वर्षमा ९.७९ प्रतिशत बढीको आँखाको शल्यक्रिया गरिएको छ ।

अस्पतालमा देशका विभिन्न भूभागसँगै भारतबाटसमेत बिरामी आउने गर्दछन् । स्वयंसेविहरूको संस्था भएकाले न्यून शुल्कमा उपचार हुने गर्दछ । सरकारी र गैरसरकारी संघ संस्थाहरूले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने भएकाले अस्पताल सञ्चालन गर्न कठिनाइका बाबजुद सहज बनेको संघका सचिव केशव अधिकारीले बताए । उनले भने, ‘अस्पताल आउने बिरामी आर्थिक अभावका कारण फर्किनु पर्दैन ।’ स्वास्थ्य बिमा कार्यान्वयन भएकाले बिरामीलाई सहज हुने गरेको सचिव अधिकारीको भनाइ छ । अस्पताल २०४४ चैत्र १८ गते स्थापना भएको हो । *रासस*

## संकटमा घुम्ती पशुपालन

# रित्ता हुँदै बुकीका खर्क



**म्याग्दी–** परम्परादेखि भेडा पाल्दै आएका बागलुङको तमानखोला गाउँपालिका-५ खुङखानीका ७२ वर्षीय रनबहादुर विकले भेडाबाखाको संख्या घटाउदै गएका छन् । पूर्वी रुकुम, बागलुङ र म्याग्दीमा फैलिएको ढोरपाटन सिकार आरक्षको गर्पाछोडाको बुकी पाटनमा गत साउन अन्तिम साता भेटिएका विकले ३२ वर्षदेखि पाल्दै आएको भेडाको गोठ बेच्ने योजना रहेको जानकारी दिए ।

‘पहिले १०० भेडाबाखासँगै आठ/दश वटा गाईभैंसीको गोठ लिएर बुकी र बेशी गर्दथे । गाईभैंसी बेचेर सकिए । ४० भेडाबाखा छन्,’ उनले भने, ‘छोराछोरीले यो पेसा रोजेनन् । विदेशतिर लागे । बढ्दो बूढ्यौलीसँगै हिँड्डुल गर्न गाह्रो हुन थालेकाले म पनि भएका भेडाबाखा बेचेर विश्राम लिने योजनामा छु ।’

ढोरपाटनका ७४ वर्षीय लक्षुमन थापाले पनि भएका भैंसीहरू छोराछोरीलाई दिएर आउँदो वर्षदेखि बुकी नउक्लने तयारी गरेका छन् । ‘छोराछोरी विदेश र सहर पसेपछि हामी बूढाबूढीले घर कुर्ने कि गोठ कुर्ने भएको छ,’ उनले भने, ‘घुम्ती गोठमा गाईभैंसी पाल्ने चलन हाम्रो पुस्तासँगै हराउने भयो ।’ १५-२० वर्षअघि बर्खामा गाईभैंसी, भेडाबाखा र घोडाले भरिने गर्पाछेडा, दहखर्क, टिकाधुरीलगायत ढोरपाटनका बुकीका खर्कहरू अहिले रित्ता हुँदै गएका थापाले बताए । खुङखानीका रनबहादुर र ढोरपाटनका लछुमन थापाजस्तै ६० वर्ष उमेर पुगेका वृद्धहरूले धानेका घुम्ती गोठहरू उनीहरूको बढ्दो उमेरसँगै घट्दै गएका छन् । युवा र वयस्क उमेरका गोठाला भेटिँदैनन् ।

वैदेशिक रोजगारीप्रतिको आकर्षण, स्वदेशमै मिहेनत गर्नुपर्छ भन्ने भावना र काम गर्ने वातावरण नहुँदा जिविकोपार्जनसँगै आम्दानीको राम्रो स्रोत घुम्ती पशुपालन पेसा संकटमा परेको ढोरपाटनको छेन्तुङमा बस्दै आएका धवलागिरी गाउँपालिका-७ ताकमका पूर्वप्रधानपञ्च विष्णुबहादुर थापाले बताए ।

८३ वर्षीय थापाका अनुसार धारापानी, ताकम, मुना, मुदी, लुलाङबाट केही वर्षयता बर्खामा बुकीमा गोठ लैजान छाडेका छन् । गर्मी बढेपछि हिमाली क्षेत्रको जडीबुटीयुक्त चरन क्षेत्रको पोषिलो घाँस खुवाउन बुकीमा पशु चराउन लैजाने चलन छ । बुकीमा चरेका पशुहरू निरोगी, मोटा हुने, दूध धेरै दिने र मासु स्वादिष्ट हुने थापाले बताए ।

असारदेखि भदौसम्म लेकाली क्षेत्रमा रहने पशु गोठहरू चिसोसँगै बेंशीतर्फ झार्ने चलन छ । अस्थायी टहरामा महिनौंसम्म घरपरिवारसँग सम्पर्कविहीन भएर पशुहरूसँगै बुकीमा बस्न नयाँ पुस्ताले दुःख र झञ्जट मानेका छन् । पाँच वर्ष साउदीमा काम गरेर फर्किएर पुर्ख्यौली गोठाला पेसालाई निरन्तरता दिएका ढोरपाटनका शक्तिबहादुर कायत भने जहाँ गए पनि दुःख नगरी आम्दानी नहुने भएकाले विदेशभन्दा गोठ नै राम्रो भएको अनुभव सुनाउँछन् ।

‘दुखः त यहाँ भन्दा विदेशमा कति हो कति,’ उनले भने, ‘मलाई खाडीको तुलनामा बुकीमै भैंसी पाल्दा सजिलो लागेको छ ।’ २१ भैंसी पालेका शक्तिबहादुरले घिउ, रागा भैंसी, छुर्पी बेचेर छ जना छोराछोरी पढाउने र घरखर्च चलाउने गरेको बताए । *रासस*

## सुनिन छाडे ‘यानीमाया’, ‘सुनीमाया’

**ढोरपाटन (बागलुङ)–** धौलागिरिलाई लोक गीत संगीतको उर्वर क्षेत्रका रूपमा मानिँदै आएको छ । यानीमाया होस् या सुनिमाया, झ्याउरे होस् या सालैजो । डेढ दशक अगाडिसम्म बालकदेखि वृद्धसम्मको मुखमुखमा यी भाका गुनगुनाइन्थे । तर, पछिल्लो समय मौलिक भाका यानीमाया र सुनिमाया गुञ्जिन छोडेका छन् ।

केही बूढापाकाबाहेक धेरैले यस्ता भाका गाउन जान्दैनन् । हिजोआज कलाकारहरूलेसमेत यानीमाया र सुनिमाया भाका रेकर्ड गर्न छोडेका छन् । मेला, महोत्सव, चाडपर्व र मेलापातमा गाइने यी भाका लोप हुन थालेपछि बूढापाका चिन्तित बनेका छन् ।

हिजोआज चाडपर्व र मेला महोत्सवमा ‘रेकर्डेड’ गीत बज्छन् । दोहोरी गीत प्रतियोगिता आयोजना हुने कार्यक्रममा पनि यानीमाया, सुनिमाया भाका समावेश हुँदैन । सामूहिकरूपमा महिला र पुरुष भएर गाइने यी गीत नयाँ पुस्ताले गाउन जान्दैनन् । पाका पुस्ताबाट सिक्नसमेत रुचि राख्दैनन् । धौलागिरि क्षेत्रको बागलुङ, म्याग्दीलगायतका जिल्लामा यो भाका निकै लोकप्रिय मानिए पनि संरक्षण हुनसकेको छैन ।

यानीमाया र सुनिमाया गीत आदिवासी जनजाति समुदायमा बढी प्रचलित मानिन्छ । पछिल्लो समय बजारमा आएका आधुनिक, पप, र्‍यापलगायतका गीतले यानीमाया, सुनिमाया ओझेलमा परेको धेरैको बुझाइ छ । यानीमाया गीत एक जनाले उठान गर्ने र समूहका अन्य कलाकारले गाउने गरिन्छ ।

दुई दशक अगाडि मेला महोत्सवमा सबैभन्दा बढी गाइने यानीमाया अहिले गुञ्जिन छोडेको ढोरपाटन नगरपालिका-९ का ७७ वर्षीय गुमानसिंह पुनले बताए । पहिले ठाडोभाका, झ्याउरे र सालैजो भाका बढी प्रचलित रहेको सुनाउँदै अहिले ती भाका कहीँकतै सुन्न नपाइने उनको भनाइ छ । अहिलेका युवायुवतीले मौलिक गीत छोडेर हिन्दी र अंग्रेजी सुन्न थालेपछि जनजाति समुदायको पहिचान बोकेको यानीमाया, सुनिमाया भाका लोप भएको उनको गुनासो छ । ‘अब म चार बीस (८०) पुग्न लागे, अहिले पनि अलिअलि यानीमाया, सुनिमाया गीत गाउन मन लाग्छ, मेरो दौंतरी धेरैले छाडेर गए, यानीमाया, सुनिमाया गीतले जीवन बोल्थे, माटो बोल्थे, प्राण भर्थे, माया प्रेमका भाव बोल्थे, तीन रात, तीन दिन गाएर पनि थाकिदैनथ्यो, सकिँदैनथ्यो’, उनले भने, ‘अहिले त त्यस्ता गीत कसैले गाउँदैनन्, गाउने मान्छे पनि छैनन्, कहिलेकाहीँ मेरा छोरा नातिलाई सुनाउँदा यस्तो पनि गीत हुन्छ भनेर गिज्याउँछन् ।’

गाउँदा गाउँदै मान्छेलाई रुवाउने र हसाउने यो गीत लोक र दोहोरी गीतभन्दा फरक हुन्छ । गीतको बीच-बीचमा ‘यानीमाया/सुनिमाया’ जोडेर गाइने हुँदा यसलाई ‘यानीमाया’ र ‘सुनिमाया’ गीत भनिएको निसीखोला गाउँपालिका-६ की ६६ वर्षीया विमला बूढा मगरले बताइन् । आफ्नो पालामा तरुनी तन्नेरी भेट हुँदा र रोधी बस्दा यानीमाया गीत गाउने गरेको स्मरण गर्दै अहिले रोधी बस्न छोडिएको र त्यस्ता गीत लोप हुँदै गएको उनको भनाइ छ । केही वर्षयता गाउँ-गाउँमा मोबाइल, रेडियो र टेलिभिजनको पहुँच पुगेपछि मौलिक गीत लोप भएको बूढा मगरको अनुभव छ ।

बूढा मगरले भनिन्, ‘हाम्रो बाउ, बाजेले निकै गाउनुहुन्थ्यो, यानीमाया हामीले उनहरूबाटै सिकेका हौं, तर हामीपछिका पुस्ताले चासो दिएनन्, यो गीत अरुभन्दा गाउन अलि गाह्रो हुन्छ, तर सिक्ने र गाउने हो भने निकै रसिलो र मार्मिक हुन्छ, पहिले-पहिले रोधी बस्दा यानीमाया गाउने चलन थियो, गाउँदा गाउँदै कतिको त विवाहसमेत हुन्थ्यो ।’ *रासस*



**पहिरो पन्छाएपछि एकतर्फी सडक** | पृथ्वीराजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका–१२ घा'सीकुवामा खसेको पहिरो पन्छाएपछि एकतर्फी सञ्चालनमा आएको सडक । सडकको पहिरो हटाएपछि एकतर्फी सञ्चालनमा आएको हो । *तस्बिरः कृष्ण न्यौपाने/रासस*

# अझै सञ्चालनमा आएन मानव मलमूत्र प्रशोधन केन्द्र

**भजनी (कैलाली)**– मानव मलमूत्र प्रशोधन केन्द्र सञ्चालनमा ढिलाइ भएको छ । कैलालीको टीकापुर नगरपालिका–१ स्थित बृहत् ढल निकास आयोजनासँगै निर्माण सुरु भएको प्रशोधन केन्द्रको काम २०८९ मा सम्पन्न हुँदा पनि अझै सञ्चालनको अन्योलता कायमै रहेको देखिएको छ ।

मानव मलमूत्रलाई संकलन गर्दै प्रशोधन गरेर त्यसबाट कम्पोस्ट मल उत्पादन गर्ने केन्द्रको उद्देश्य रहेको छ । 'शौचालय सफा गर्नुपर्दा नगरपालिकालाई नभए निजी कम्पनीलाई हप्तौं कुर्नुपर्ने बाध्यता छ । प्रशोधन केन्द्र सञ्चालनमा आए त्यो बाध्यता कम हुन सक्थ्यो ।' स्थानीय सुदर्शन चौधरी भन्छन्, 'अर्कोतिर मानव मलमूत्र प्रशोधन गरेर बनेको मलका लागि किसान पनि केन्द्र छिटो सञ्चालनमा आउनुपर्ने पक्षमा छन् ।'

उनले समयमा राम्रो व्यवस्थापन नभएर काम सुरु गरेका खण्डमा प्रशोधन केन्द्र अलपत्र पर्न सक्ने चिन्ता पनि व्यक्त गरेका छन् । मानव मलमूत्र प्रशोधन केन्द्रलाई व्यवस्थित गरेर सञ्चालन गर्नसके त्यो नगरपालिकाको आम्दानीको स्रोत बन्नसक्ने स्थिति देखिन्छ ।

निर्माण कम्पनीले नगरपालिकालाई स्वामित्व हस्तान्तरणका लागि धेरै प्रयास गरे पनि टीकापुर नगरपालिका व्यावसायिक योजना कम्पनीले सुनिश्चित नगर्दासम्म स्वामित्वमा लिने पक्षमा छैन । 'एउटा संरचना बन्यो, त्यो आफैंमा सुन्दर छ । तर त्यसको कार्यान्वयनका लागि ठोस योजना त निर्माण कम्पनीले दिनुपर्‍यो,' नगरप्रमुख रामलाल डगौरा थारुले भने, 'निर्माण कम्पनीले व्यावसायिक योजनासहित हस्तान्तरण गर्ने हो भने स्वामित्व लिन समस्या छैन ।' नगरप्रमुख थारुले केन्द्र नगरपालिकाको मातहतमा नआएको प्रतिक्रिया दिएका छन् ।

प्रशोधन केन्द्र सञ्चालनमा आए टीकापुर नगरपालिकासहित छिमेकी पालिकाले पनि सेवा लिन पाउने जनाइएको छ । अहिले टीकापुर आसपासमा शौचालयको सेफ्टी ट्याांकी खाली गर्ने साधन र जनशक्ति पाउन मुस्किल हुन्छ । 'सेफ्टीटचांकी सफा गर्ने साधनका लागि पालो कुर्नुपर्छ । मानिसलाई लगाएर खाली गराउँदा व्यवस्थापन गर्ने ठाउँ हुँदैन,' स्थानीयवासी जमानसिंह विश्वकर्मा भन्छन्, 'जनशक्ति व्यवस्थापन गरेर प्रशोधन केन्द्रलाई सञ्चालनमा ल्याउनसक्यो भने त्यसले सेफ्टीटचांकी सफामात्रै नभई यस क्षेत्रका किसानलाई कम्पोस्ट मलको व्यवस्था गर्ने काम पनि गर्न सक्छ ।'

मानव मलमूत्रलाई प्रशोधन गरेर लेदोबाट मल उत्पादन गर्ने र फोहर पानीलाई प्रशोधन गरेर जमरा कुलोमा मिलाउने व्यवस्था गरिएको छ । उत्पादन भएको मल पनि मापदण्ड बन्न नसक्दा अहिलेसम्म बिक्री गर्न सकिएको छैन । प्रशोधन केन्द्रको निर्माण गर्ने जिम्मा पाएको निर्माण कम्पनीले स्थानीय सरकारलाई हस्तान्तरणसमेत गरेको छैन । परामर्शदाताले प्रशोधन केन्द्रको व्यावसायिक योजना बनाउन ढिलाइ गर्दा स्वामित्व हस्तान्तरणमा ढिलाइ भएको निर्माण कम्पनीका प्रमुख उदय पोखेलले बताए ।

'काम सम्पन्न भएको दुई वर्ष भए पनि केही आन्तरिक काम बाँकी रहँदा स्वामित्व हस्तान्तरण गरेर सञ्चालन गर्न समय लागेको हो,' उनले भने, 'कम्पनीले अहिले पनि आएको मलमूत्रको प्रशोधन गर्ने काम गरिरहेको छ । अब केही दिनमै नगरपालिकालाई हस्तान्तरण गरेर हामी त्यहाँबाट बाहिर निस्कन्छौं ।'

करिब सात करोड रूपैयाँ खर्च गरेर प्रशोधन केन्द्र निर्माण गरिएको थियो । प्रशोधन केन्द्रसँगै बृहत् ढल निकासको काम पनि निर्माण कम्पनीले सम्पन्न गरिसकेको छ । टीकापुरको बजार क्षेत्रलगायत आकाशे पानीका कारण बर्सेनि डुबानको जोखिम हुने २८ किलोमिटर ढल निकासको काम सकिएपछि अहिले डुबानको जोखिम हटेको छ । *रासस*

# कान्तितालमा मोटरबोट सञ्चालनले चराको बासस्थान संकटमा



■ युवराज पाण्डे

**नेपालगञ्ज (बाँके)**– सिमसार क्षेत्रका रूपमा रहेको नेपालगञ्जको कान्तितालमा दुर्लभ सारसलगायत चराको बासस्थान संकटमा पर्ने जोखिम बढेको छ । तालको स्वरूप परिवर्तन गरेर त्यहाँ मोटरबोट चलाउन प्रयास भएकाले चराको बासस्थान संकटमा परेको संरक्षणकर्मीले बताएका हुन् ।

नेपालगञ्ज उपमहानगरपालिकाको वडा नं २१ र २२ मा पर्ने २५ बिघा क्षेत्रफलमा फैलिएको तालमा संरक्षित चराका रूपमा रहेको दुर्लभ सारसलगायत परम्परागत र आगन्तुक चराको बासस्थान संकटमा परेको 'फ्रेन्ड्स फर वाइल्ड लाइफ कन्जरभेसन'का अध्यक्ष आशिष चौधरीले बताए । सो स्थानमा साइबेरिया, थाइल्याण्ड र मलेसियाबाट आगन्तुक चरा आउने गर्छन् ।

पक्षी संरक्षण समाज र नेपाल चराविज्ञ एसोसिएसनको विज्ञ टोलीले डेढ घण्टासम्म सर्भे गर्दा ३२ प्रकारका परम्परागत र आगन्तुक चराको बासस्थान रहेको तालमा तीन प्रजातिका कमलका फूल फेला परेको उल्लेख गरेको छ । 'यसलाई जैविक विविधता र बर्ड पार्कका रूपमा विकास गर्नुपर्छ,' संरक्षणकर्मी चौधरीले भने । मोटरबोट चल्दा त्यसले पर्यावरणमा नोक्सानी हुने औंल्याउँदै उनले कान्तिताल चराको आहाराको स्रोत भएको बताए । 'तालमा चराको प्राकृतिक आवास भएकाले त्यहाँ धेरै चरा रमाउँछन्,' उनले भने ।

अध्यक्ष चौधरीले इन्धनबाट चल्ने मोटरबोटले चराको प्राकृतिक बासस्थान नष्ट हुने उल्लेख गर्दै प्राकृतिक सिमसारका रूपमा रहेको तालमा मोटरबोट चलाउन लागेको कुराले आफूलाई चिन्तित बनाएको बताए । 'यसले तालबाट आश्रित दुर्लभ चराको प्राकृतिक बासस्थान स्वतः नष्ट हुने निश्चित छ,' उनले भने । मोटरबोट चलाउन अनुमति दिने नेपालगञ्ज उपमहानगरपालिका र चलाउन खोज्ने ठेकेदारको कदमप्रति आफूहरूको गम्भीर ध्यानाकर्षण भएको संरक्षणकर्मी चौधरीले बताए ।

उक्त तालमा आश्रय लिइरहेका चराको हरेक वर्ष गणना हुँदै आएको छ । दुई वर्षअघि गरिएको गणनाअनुसार पहिलो वर्ष यहाँ २५ प्रजातिका चरा फेला परेका थिए । दोस्रो वर्ष घटेर २२ प्रजातिका चरा फेला परेका छन् । आगामी हिउँद सिजनमा पनि चरा गणना गर्ने संरक्षणकर्मीको योजना छ ।

तालमा दुर्लभ पक्षी सारस, अन्य परम्परागत चरा, विभिन्न प्रजातिका सरीसृप, दुर्लभ प्रजातिको मलाहा बिरालो (फिसिङ क्याट)लगायतको बासस्थान छ । यहाँ गर्मीयाममा युरोप, मध्यपूर्वी एसिया, इण्डोनेसियाबाट आएका चराले बासस्थान बनाउँछन् भने जाडोयाममा साइबेरिया, उत्तरी चीनलगायत देशबाट चरा आउँछन् । बसाइँ सरेर आउने आगन्तुक चराले पनि तालमै बच्चा उत्पादन गर्ने गर्छन् । सारसले पनि कान्तिताललाई प्रजननस्थल बनाउँदै आएको छ । 'सारसको प्रजननस्थल पनि हो कान्तिताल,' अध्यक्ष चौधरीले भने, 'ताल सारसका लागि बाँके र बर्दियाकै राम्रो बासस्थान मानिन्छ ।' उनका अनुसार सारसको बासस्थान बाँकेस्थित राप्ती नदीको तटीय क्षेत्र, कान्तिताल र मानखोला रहेको छ । तर, यीमध्ये सबैभन्दा राम्रो बासस्थान सो ताल रहेको बताइएको छ । यस स्थानमा विभिन्न जलचर र वनस्पपति छन् ।

दुर्लभ सारस पाइने जिल्ला रूपन्देही, कपिलवस्तु, बाँके, बर्दिया र कैलाली हो । यसअघि गणना गर्दा बाँकेमा ३३ वटा सारस फेला परेका थिए । पक्षीविद् रामबहादुर शाहीले प्राकृतिक सिमसारमध्ये कान्तिताल सबैभन्दा राम्रो सिमसार क्षेत्र भएको उल्लेख गर्दै सरकारले संरक्षित सूचीमा राखेको चरा सारस प्रत्यक्ष देखिएको बताए ।

पक्षीविद् शाहीले अफ्रिकाबाट आएको जुरे कोइली पनि सो तालमा रहेको जानकारी दिँदै अन्य सयौं स्थानका स्थानीय प्रजातिका चराको पनि बासस्थान उक्त ताल भएको बताए । नेपालगञ्जका अभियन्ता डा. विनोद कर्णले तालमा मोटरबोट चलाउने प्रयास घातक हुने उल्लेख गर्दै भने, 'अनुरोध गर्दागर्दै पनि मोटर बोट चलाउन खोजियो भने त्यो राम्रो हुँदैन ।' नेपालगञ्ज उपमहानगरपालिकाले २०७८ सालमा १० वर्षका लागि स्थानीय ठेकेदारलाई मोटरबोट चलाउन ठेक्का दिएको थियो । *रासस*

# जग्गाधनी प्रमाणपत्र नहुँदा व्यवसाय दर्ताको समस्या

**नवलपरासी (प्रस)**– पश्चिम नवलपरासीको सुस्तामा उद्योग व्यवसाय दर्ता नहुँदा स्थानीयलाई समस्या भएको छ । नारायणीपारिको सुस्तागाउँका अधिकांश स्थानीयसँग नागरिकता र जग्गाधनी प्रमाणपत्र नहुँदा समस्या भएको हो ।

जग्गाधनी प्रमाणपत्र नहुँदा व्यापार-व्यवसाय दर्ता पनि हुन सकेको छैन । कतिपय स्थानीयले विनादर्ता व्यवसाय सञ्चालन गरेका छन् । यद्यपि उत्पादित सामग्री किनबेचमा समस्या भएको सुस्ताका स्थानीय तथा सुस्ता बचाउ अभियानका प्रवक्ता रवीन्द्र जयसवालले बताए ।

सुस्तामा राष्ट्रिय प्रसारणलाइनको विद्युत् विस्तारका क्रममा रहेकाले विद्युत् मिटरका लागि पनि जग्गाधनीपुर्जा नहुँदा समस्या भएकाले आफ्ना समस्या सम्बोधन गर्न सुस्तावासीले सरकारसँग माग गरेका छन् । सुस्तागाउँमा झण्डै ३०० परिवारको बसोबास छ । अधिकांशसँग नागरिकता नहुँदा उनीहरू राज्यले प्रवाह गर्ने सेवासुविधाबाट वञ्चित भएका छन् । सदरमुकाम परासीमा रहेको घरेलु तथा साना उद्योग कार्यालयमा व्यवसाय दर्ताका लागि सुस्तावासी आउने गरे पनि कार्यालयले जग्गाधनीपुर्जा नभएको भन्दै फिर्ता पठाइदिने गरेको छ । नागरिकता नहुँदा धनीपुर्जा पनि सुस्तावासीसँग छैन ।

सुस्तावासीका समस्याप्रति संवेदनशील जिल्लाका जनप्रतिनिधि तथा प्रदेशसभा सदस्यले प्रदेश सरकारको ध्यानाकर्षण गराएका छन् । सुस्ताको समस्या विशिष्ट किसिमको भएकाले स्थानीय तहको सिफारिसका आधारमा घरेलु कार्यालयमा व्यवसाय दर्ताको अनुमति दिन सरकारको ध्यानाकर्षण गराएको प्रवक्ता जयसवालले बताए ।

स्थानीय तहको सिफारिसका आधारमा व्यवसाय दर्ताको व्यवस्था प्रदेश मातहतको घरेलु कार्यालयमा हुनुपर्नेमा मागसहितको ज्ञापनपत्र बुझाइएको छ । सुस्ता भौतिक पूर्वाधारले सम्पन्न हुँदै गए पनि नागरिकता समस्या भने समाधान हुन सकेको छैन । नारायणी नदीमा पारि सुस्तागाउँ जोड्नेगरी झोलुंगे पुल निर्माण भएपछि आवतजावत सहज भएको छ ।


## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०५/०८**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८०/०८१ मा उत्पादन भएको तथा जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ८८ को ८७५.०५ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा १.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**दक्षिणकाली सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–९, मकवानपुर**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०५/०८**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८०/०८१ मा उत्पादन भएको तथा जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल र चिलाउने जातको गोलिया थान २५७ को २४३३.१६ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा १.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**धर्मशाला सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–९, मकवानपुर**

## कतारमा रोजगार

कम्पनी : IMPERIAL HOSPITALITY & CLEANING SERVICES
शहर : Doha

पूर्व स्वीकृति मिति २०८१/०५/०७ | LT No : 309378 | चलानी नं ६०२२४०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 0 | 1300 | ४७,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 3 | 0 | 1000 | ३६,८३० | | | | | | | |
| 3 | Representative | 1 | 0 | 1200 | ४४,२०० | | | | | | | |
| 4 | Salesman | 1 | 0 | 1300 | ४७,८८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १५ गते (31st Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं.१६१५/०७९/०८०

**Leaders International Recruitment Agency Pvt. Ltd**
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748
Email: leadersnepal1615@gmail.com

## साउदी/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ESNAD TRANSPORT CORPORATION

पूर्व स्वीकृति मिति : २०८१/०५/०७ | LT. No. 309389 | चलानी नं. ६०२२३९८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MOHAMMED IBRAHIM AL-MESBAH CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८१/०५/०७ | LT. No. 309345 | चलानी नं. ६०२२३९८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ALI SAAD BIN SULTAN AND HIS BROTHERS GROUP

पूर्व स्वीकृति मिति : २०८१/०५/०७ | LT. No. 309344 | चलानी नं. ६०२२३९८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Drivers | 1 | 0 | 1800 | ६४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : BROOK INTERNATIONAL DYES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०५/०६ | LT. No. 309300 | चलानी नं. ६०२२३९४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Unskilled Laundry Attendant | 9 | 0 | 100 | ४४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १५ गते (31st Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAGARMATHA
**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

## साउदीमा रोजगार

कम्पनी : ELITE POULTRY PROJECT OWNED BY MUHAMMAD ZAID ALQAHTANI
शहर : Dammam

पुर्व स्वीकृति मिति २०८१/०५/०७ | LT. No. 309434 | चलानी नं. ६०२२४०४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaning Labour | 10 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १५ गते (31st Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407, Mobile: 9851324457, 9823299605
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

प्रभाव दैनिक

शनिबार, ०८ भदौ २०८१ (Saturday, August 24, 2024)

रूपशाला

## 'पिताम्बर' मा भित्रिए दयाहाङ

निर्देशक कृषा चौलागाईंले निर्देशन गर्ने फिल्म 'पिताम्बर'मा दयाहाङ राईको इन्ट्री भएको छ । दयाहाङले 'पिताम्बर' को निर्माण टिमसँग सम्झौता गरेका हुन् । फिल्ममा यसअघि नै सौगात मल्ल, प्रदीप खड्का, आँचल शर्मा, आर्यन सिग्देल, सुरक्षा पन्त, अनुपविक्रम शाही, प्रमोद अग्रहरी जस्ता कलाकारहरु अनुबन्धित भइसकेका छन् । अब यस फिल्ममा पहिलोपटक दयाहाङ, सौगात र प्रदीप एकसाथ देखिनेछन् । हाल वर्कसप चलिरहेको यस फिल्मको आगामी साताबाट दोस्रो चरणको छायांकन सुरू गरिने भएको छ ।



# देशभरका हलमा भिड्दै 'सतीदेवी' र 'नमेटिने घाउ'



■ प्रभाव संवाददाता

**काठमाडौं** – दुई नयाँ नेपाली फिल्म शुक्रबारदेखि हलमा पुगेका छन् । ती फिल्म हुन् 'सतीदेवी' र 'नमेटिने घाउ' । फ्राइडे रिलिज अन्तर्गत प्रदर्शनमा आएका यी दुवै फिल्म देशभर एक अर्कोसँग भिड्न लागेका हुन् । लक्ष्मण सुवेदी निर्देशित 'सतीदेवी' महिलाको कथामा बनेको हो भने 'नमेटिने घाउ'ले एसिड पीडितको कथा उठाएको छ ।

अभिनेत्री मलिका महतको मुख्य भूमिका रहेको 'सतीदेवी'मा रमेश बुढाथोकी, भोलाराज सापकोटा, कुलदीप अधिकारी, सन्दीपबाबु लोहनी सृजना अधिकारी, मनीषा सापकोटा, सुजिता शिवाकोटी, तुलसी श्रेष्ठ, ईश्वरी सिंह, सन्देश लिम्बु, पवन केसी, जगदीश अधिकारीको अभिनय छ ।

गत मंगलबार साँझ बिग मुभिजमा प्रिमिएर भएको फिल्मले प्रिमिएरमा अधिकांशबाट उत्कृष्ट रहेको प्रतिक्रिया पाएको थियो । फिल्म हेर्ने धेरैको आँखा रसाएको पनि देखिन्थ्यो । फिल्म हेरेका दर्शकले फिल्मले लैङ्गिक समानताको पक्षमा सामाजिक सन्देश दिएको धारणा समेत राखेका थिए ।

फिल्ममा अभिनेत्री मलिकाले लमजुङकी एक ग्रामीण युवती सतीदेवी अधिकारी नामक चरित्र निर्वाह गरेकी छन् । छोरीको कथामा निर्माण भएको फिल्ममा बाबु र छोरीबिचको स्नेही सम्बन्ध र समाजको पितृसत्तात्मक सोच विरुद्धको सङ्घर्षको कथा छ । निर्देशक सुवेदीले फिल्म 'सतीदेवी' नभएर एउटा क्रान्ति भएको बताउँदै आएका छन् ।

दिलाशा क्रियसन र गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्नियाको सहकार्यमा निर्माण भएको फिल्ममा निर्देशक सुवेदीकै पटकथा र संवाद छ । दिलासा र साराको प्रस्तुति रहेको फिल्मको निर्माता श्रीदेवी, दिलासा र सारा सुवेदी हुन् ।

प्रधानमन्त्री केपी शर्मा ओली, पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल, पूर्व शिक्षामन्त्री देवेन्द्र पौडेल र सांसद ज्ञानेन्द्र शाहीको समेत अभिनय रहेको फिल्म 'नमेटिने घाउ' ले ३३ जना एसिड पीडितहरूको कथा उठाएको छ ।

मुस्कान खातुन, प्राप्ति पौडेल, इभा गिरी, कमल देवकोटा, सन्दीपबाबु लोहनी, रचना गौतम, प्रभात पाल ठकुरी, आरती आचार्य, अखिल बजगाईं, अपेक्षा न्यौपाने, क्रान्ति शाह, वीरेन्द्रसिंह कुसुहा, लालना चिमोरिया, स्वस्तीमा कार्की, लिजा कोरानी, एलिसा गुरुङ, विशाल देवकोटा, आरजु अधिकारी, आरजु लेखक लगायतको अभिनय रहेको फिल्म रमित ढुङ्गाना फिल्म प्रोडक्शनको ब्यानरमा बनेको हो ।

फिल्ममा नीरज कँडेलको छायाङ्कन, बनिश शाहको सम्पादन, ओम सुनारको सङ्गीत रहेको छ ।

# को बन्ला मिस्टर नेपाल ?



■ प्रभाव संवाददाता

**काठमाडौं–** रियलमी 'मिष्टर नेपाल २०२४'को विजेता शनिबार (आज) होटल सोल्टीमा एक कार्यक्रमबीच घोषणा हुँदैछ । प्रतियोगीतामा ३८ प्रतियोगी उपाधिका लागि भिड्दैछन् । प्रतियोगिताको तयारी पुरा भएको आयोजक नेक्स्ट मोडल्स नेपालका सिइयो रवि धमलाले बताए ।

देशभर आयोजित अडिसनमा हजारौ सहभागीबाट फाइनलका लागि ३८ प्रतियोगी छानिएका हुन् । फाइनलिष्ट प्रतियोगीतामा विशेष खड्गी, पियुष श्रेष्ठ नवराज प्रसाई, आयुष दुलाल, श्रीजल शाक्य, सत्यम पाठ, सक्कर बाजीमाया (काठमाडौं), अग्रज श्रेष्ठ (सुनसरी), सत्यनारायण चौधरी ( नेपालगञ्ज), राहुल रावल (कैलाली), मणि निरौला (झापा), आयुष बमजोम, उमंग आचार्य ( हेटौंडा), योगेश श्रेष्ठ (भक्तपुर), एमडी. अदनान हलवाई, विश्व बराइली (नेपालगञ्ज), दिपेश चौधरी (धनगढी), पिन्टु सान्याल ( विराटनगर), अशोक बिक (पोखरा), मनोज गुरुङ (लमजुङ), संयन्तराज घिमिरे (ललितपुर), सागर घिमिरे ( विराटनगर), सञ्जय मण्डल (जनकपुर), सरोज तामाङ मोक्तान (रसुवा), सुशान्त कुमार दास (राजविराज सप्तरी), प्रकाश चौहान (पथरी मोरङ) सिजल कपाली (ललितपुर), सन्तोष लोकसुम (झापा), आदेश प्रधान (धरान), सोहज खान ( विराटनगर), सुशान्त पौडेल (पोखरा), राजेश झा (जनकपुर), विपन श्रेष्ठ (चितवन), स्वस्तिक देवकोटा (दाङ), समीर तिमिल्सिना (पोखरा), आबिस्कर खड्का ( बुटवल) सुभम बर्नवाल, अनिकेत प्रजापति (नेपालगञ्ज) रहेका छन् ।

सबै प्रतियोगी स्वमिङ, फुटबल, रक क्लाइमिङ, समाजसेवा, सर्ट हाइकिङग, क्याटवाक, व्यक्तित्व विकास, पब्लिक स्पिकिङलगायतका दर्जन बढी विषयको प्रशिक्षण सहित फाइनलमा उत्रिदैछन् । प्रतियोगिताको शीर्ष विजेताले 'मिस्टर वर्ल्ड २०२४' वा 'मिष्टर ग्लोवल २०२४' मा नेपालको प्रतिनिधित्वको अलवा नगद र पुरस्कारमा बिभिन्न गिफ्ट समेत जित्न सक्ने नेक्स्ट मोडल्स नेपालकी प्रवन्ध निर्देशक यत्ना पाण्डेले जानकारी दिइन् । युवाहरूको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, क्षमता उजागर लगायत नेतृत्वदायी क्षमता विकास गर्ने उदेश्यले यो प्रतियोगिता २००१ देखि नियमित आयोजनाहुँदै आएको हो ।

रंगशाला

साफ यू-२० च्याम्पियनसिप

# सेमिफाइनल समीकरण पूरा

■ प्रभाव संवाददाता

**काठमाडौं** – काठमाडौंमा जारी साफ यू-२० च्याम्पियनसिपको सेमिफाइनलको समीकरण पुरा भएको छ । शुक्रबार सम्पन्न समुह चरणका खेल सकिएपछि सेमिफाइनलको समीकरण पुरा भएको हो । समुह चरणको अन्तिम खेलमा आज समुह बी मा भारतले माल्दिभ्सलाई १-० गोल अन्तरले पराजित गरेको छ । यो जितपछि भारत समुह बिजेता हुदै सेमिफाइनलमा पुगेको छ भने भुटान उपविजेता हुदै सेमिफाइनलमा पुगेको छ । त्यस्तै श्रीलंका र माल्दिभ्स भने प्रतियोगिताबाट बाहिरिएका छन् ।



अब सेमिफाइनलमा नेपालले भुटानको सामना गर्ने छ र यो खेल आइतबार हुने छ । त्यस्तै अर्को सेमिफाइनलमा भारत र बंगलादेश खेल्ने छन् । दोस्रो सेमिफाइनल सोमबार हुने छ । प्रतियोगिताको फाइनल खेल बुधबार हुने तालिका रहेको छ ।

सेमिफाइनलका दुई खेल सातदोबाटोस्थित एन्फा कम्प्लेक्समै हुने भएको छ ।

एन्फा प्रवक्ता सुरेश शाहका अनुसार साफले पठाएको म्याच कमिस्नरले त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको मैदान अझै खेलाउन योग्य नदेखिएको रिपोर्ट दिएपछि खेल स्थान सारिएको हो ।

# अन्तर्राष्ट्रिय मुवाँथाई काठमाडौंमा सुरू

■ प्रभाव संवाददाता

**काठमाडौं** – जिमखाना मुवाँथाई क्लब, बाँसवारीको आयोजनामा अन्तर्राष्ट्रिय मुवाँथाई प्रतियोगिता शुक्रबारदेखि बाँसवारीमा सुरु भएको छ । प्रतियोगितामा नेपाल, भारत र श्रीलंकाका ३४ खेलाडी सहभागी छन् । पहिलो दिन ८ स्पर्धाको फाइनल सम्पन्न भएको छ ।

पुरुष ११ वर्षमुनि भारतका लक्षित, १२ वर्षमुनि नेपालका आयुश तामाङ, १२ वर्षमुनि नेपालका प्रवीण मोक्तान, ११ वर्षमुनि भारतका ध्रुवरिथा, १३ वर्षमुनि नेपालका आशिष तामाङ, ११ वर्षमुनि श्रीलंका मेथुका, २१ वर्षमुनि श्रीलंकाका उयन्वाथ्था र २७ वर्षमुनि नेपालका यमन मोक्तान पहिलो भए । दोश्रो तथा अन्तिम दिन शनिबार ८ स्पर्धाको फाइनल हुनेछ ।




# 'स्पोर्टस अवार्ड'मा ५ खेलाडी मनोनयन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल खेलकुद पत्रकार मञ्चले प्रदान गर्ने स्पोर्टस अवार्डअर्नात पिपल्स च्वाइसमा विभिन्न विधाका पाँच खेलाडी मनोनयनमा परेका छन् ।




नेपाली राष्ट्रिय क्रिकेट टोलीका सदस्य गुल्शन झा, राष्ट्रिय भलिबल महिला खेलाडी कविता भट्ट, कबडीकी मानमति विष्ट, राष्ट्रिय फुटबल खेलाडी प्रीति राई र रग्बी खेलका श्रीराम श्रेष्ठ मनोनयनमा परेका हुन् ।

सोह्र वर्षे उमेरमा सिनियर राष्ट्रिय टोलीबाट डेब्यु गरेका गुल्शनले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा उत्कृष्ट खेल प्रर्दशन गर्दै आएका छन् । आइसिसी एसिया टि ट्वान्टी विश्वकप एसिया छनोटको फाइनल ओमानविरुद्धको खेलमा उनले उत्कृष्ट खेल प्रर्दशन गरेका थिए । त्यतिबेला गुल्शनले २५ बलमा पाँच चौका र चार छक्का प्रहार गरी सर्वाधिक ५४ रन बनाएका थिए । सर्लाही मलंगवामा जन्मिएका गुलशनले ३२ ट्वान्टी ट्वान्टी र २७ एकदिवसीय अन्तराष्ट्रिय खेल खेलिसकेका छन् । देब्रेहाते ब्याटर एवम दाहिने हाते बलर झा नेपाल पुलिस क्लबमा आबद्ध छन् ।

